annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ४५, पृष्ठ ८ | काठमाडौं, आइतबार ३१ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष चतुर्दशी, नेपाल संवत् ११४६ | SUNDAY, JUNE 14, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

# भारतीयले बौरियो पोखरेली पर्यटन

भारतमा अत्यधिक गर्मी, २ महिनाको विद्यालय तथा कर्मचारी बिदा र भारतीय नागरिकलाई डलर सञ्चितिको दबाबका कारण भारु चल्ने छिमेकी देश भ्रमण गर्न प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको आह्वानका कारण यतिबेला नेपालको पोखरा र मुक्तिनाथ क्षेत्रमा भारतीय पर्यटकहरूको अभूतपूर्व घुइँचो लागेको छ। पोखराका होटलहरूको 'अकुपेन्सी' इतिहासमै पहिलोपटक ८० प्रतिशतसम्म पुगेको छ।

**केशवशरण लामिछाने** | *पोखरा*




समाचार पृष्ठ २

कांग्रेसमा सदस्यता अद्यावधिक

# देउवासहित शीर्ष नेता नै महाधिवेशन प्रक्रियाबाट बाहिरिने जोखिममा



**राधा खनाल** | *काठमाडौं*

नेपाली कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक अभियानमा निवर्तमान सभापति शेरबहादुर देउवासहित शीर्ष नेता नै बाहिरिने जोखिम बढेको छ। पार्टीले सञ्चालन गरेको डिजिटल सदस्यता प्रणालीमा शीर्ष नेतृत्वदेखि केन्द्रीय सदस्यसम्म ठूलो संख्यामा नेताहरू सहभागी भएका छैनन्।

निवर्तमान सभापति शेरबहादुर देउवा, नेता डा. शेखर कोइराला, निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का, उपसभापति धनराज गुरुङ, पूर्वउपसभापति विमलेन्द्र निधि, प्रकाशमान सिंह, कृष्णप्रसाद सिटौला र डा. शशांक कोइराला, डा. प्रकाशशरण महतलगायत शीर्ष नेताहरूले हालसम्म सदस्यता अद्यावधिक गरेका छैनन्।

पूर्वसहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना', उमाकान्त चौधरी, किशोरसिंह राठौर, बद्री पाण्डे, मीन विश्वकर्मालगायत नेताहरूको सदस्यता अद्यावधिक भएको छैन। नेताहरू एनपी साउद, रमेश लेखक, श्याम घिमिरे, शंकर भण्डारी, गुरु बराल, कुन्दनराज काफ्ले, कान्तिका सेजुवाललगायतका केन्द्रीय सदस्यहरू पनि अद्यावधिक प्रक्रियामा आएका छैनन्। यीमध्ये अधिकांश नेता १४औं महाधिवेशनमा विभिन्न प्यानलबाट निर्वाचित भएका तथा केही मनोनीत केन्द्रीय सदस्यसमेत छन्।

विशेष महाधिवेशनबाट गगन थापाको नेतृत्वमा कांग्रेस पुनर्गठन भएपछि १४औं महाधिवेशनमा देउवा प्यानलबाट निर्वाचित अधिकांश पार्टी गतिविधि बाहिर छन्। सहमतिका लागि पटक-पटक वार्ता भए पनि संगठन एक हुन सकेको छैन।

सभापति थापाले पार्टीको आन्तरिक विवाद समाधानका लागि उपसभापति विश्वप्रकाश शर्माले असन्तुष्ट नेताहरूसँग छलफल गरिरहेको दाबी गरे पनि नतिजा आउन सकेको छैन।

'अहिले पार्टीका उपसभापति विश्वप्रकाश शर्माले जो-जो नेताहरूसँग कुराकानी गर्नुपर्ने हो, उहाँले कुराकानी गरिराख्नु भएको छ,' उनले केही दिनअघि एक कार्यक्रममा भनेका थिए, 'हामी आफ्नो पार्टीको काम पनि अगाडि बढाइरहेका छौं। नेताहरूसँग गर्नुपर्ने संवाद पनि गरिरहेका छौं।'

क्रियाशील सदस्यता अद्यावधिकको समग्र नेतृत्व गरेका महामन्त्री प्रदीप पौडेल पनि असन्तुष्टि जनाइरहेका पक्षलाई पनि प्रक्रियामा सहभागी हुन आग्रह गर्दै उनले पार्टीभित्रका सबै धार र विचारलाई समेट्ने प्रयास भइरहेको बताउँछन्। 'हामी सबैलाई यस प्रक्रियामा समावेश गर्न चाहन्छौं,' उनी भन्छन्, 'उहाँहरूको इच्छाशक्ति मात्रै आवश्यक छ।' पौडेलले सदस्यता अद्यावधिकलाई आन्तरिक विवाद वा बार्गेनिङको विषय नबनाई सबैको साझा सहमतिका रूपमा अघि बढाउनुपर्ने बताउँछन्।

कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक नगर्ने कुनै पनि नेता-कार्यकर्ता १५औं महाधिवेशनको प्रक्रियामा सहभागी हुन नपाउने निर्णय यसअघि नै गरिसकेको छ। देउवासहितका नेताहरूले सदस्यता अद्यावधिकबाट पछि हटे आसन्न महाधिवेशनमा सहभागी हुन नपाउने निश्चित छ। महामन्त्री गुरुराज घिमिरे भन्छन्, 'असन्तुष्ट पक्षलाई पनि समेट्न चाहन्छौं, तर पार्टीको औपचारिक प्रक्रियामा सहभागी हुन सदस्यता अद्यावधिक अनिवार्य छ।'

> अहिले पार्टीका उपसभापति विश्वप्रकाश शर्माले जो-जो नेताहरूसँग कुराकानी गर्नुपर्ने हो, कुराकानी गरिराख्नु भएको छ।
>
> **गगन थापा**, सभापति

कांग्रेसले बिहीबार राति १२ बजेसम्मका लागि सदस्यता अद्यावधिकको समयसीमा तोकेको थियो। उक्त समयावधिभित्र ५ लाख ३८ हजार ६ सय २२ जनाले क्रियाशील सदस्यता अद्यावधिक गराएका छन्। पार्टीको सदस्यता व्यवस्थापन केन्द्रीय समितिको शुक्रबार बसेको बैठकले हालसम्म ६ लाख ८७ हजार ९ सय ३१ जना क्रियाशील सदस्यको विवरण डिजिटल प्रणालीमा प्रविष्ट भइसकेको जानकारी दिएको छ।

समितिका अनुसार डिजिटल प्रणालीमा रहेका कुल ७ लाख ८२ हजार २ सय ९ क्रियाशील सदस्यमध्ये ५ लाख ३८ हजार ६ सय २२ जनाले सदस्यता प्राप्त गरिसकेका छन् भने १ लाख ४९ हजार ३ सय ९ जनाको स्वयं अद्यावधिक फाराम वडा तहबाट अनुमोदनको प्रक्रियामा रहेको छ।

» बाँकी पृष्ठ ६

मध्यपूर्व द्वन्द्व

# ऐतिहासिक शान्ति सम्झौतानजिक अमेरिका र इरान

**वासिङ्टन** (एजेन्सीहरू)– विगत चार महिनादेखि भीषण युद्धमा होमिएका अमेरिका र इरान ऐतिहासिक शान्ति सम्झौताको अन्तिम बिन्दुमा पुगेका छन्। दुवै देशबीच युद्ध अन्त्य गर्ने सम्झौताको मस्यौदा तयार भई आगामी २४ घण्टाभित्रै प्रारम्भिक समझदारी पत्रमा हस्ताक्षर हुन सक्ने मध्यस्थकर्ता राष्ट्रहरूले दाबी गरेका छन्।

ऐतिहासिक वार्तामा मध्यस्थता गरिरहेको पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले दुवै पक्ष इतिहासमै पहिलोपटक शान्ति सम्झौताको सबैभन्दा नजिक पुगेको पुष्टि गरेका छन्। उनले दुवै देशबीच सहमति जुटेको र अब डिजिटल माध्यमबाट सम्झौतामा हस्ताक्षर गर्ने तयारी भइरहेको जानकारी दिएका छन्।

इरानका परराष्ट्रमन्त्री सैयद अब्बास अराघचीले पनि अमेरिकासँगको लडाइँ अन्त्य गर्ने यो प्रयास निकै सकारात्मक मोडमा पुगेको र आउँदा केही दिनभित्रै औपचारिक घोषणा हुन सक्ने बताएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समेत वार्ताकारहरूले ठूलो सहमति कायम गरेको उल्लेख गर्दै इरानविरुद्ध तय गरिएका सैन्य आक्रमणहरू तत्कालका लागि स्थगित गरिएको घोषणा गरेका छन्।

प्रस्तावित सम्झौताअनुसार इरानले अन्तर्राष्ट्रिय व्यापारका लागि निकै महत्त्वपूर्ण मानिने र विगत केही



- २४ घण्टाभित्रै प्रारम्भिक सहमतिमा हस्ताक्षर हुन सक्ने

समयदेखि ठप्प पारेको 'हर्मुज जलडमरू मध्य'को जलमार्गलाई तत्काल खुला गर्नेछ। त्यसको बदलामा अमेरिकाले इरानी बन्दरगाह र ढुवानी जहाजहरूमाथि लगाउँदै आएको नौसैनिक नाकाबन्दी र कडा आर्थिक प्रतिबन्धहरू चरणबद्ध रूपमा हटाउनेछ। यो प्रारम्भिक सहमति लागू भएसँगै दुवै देशबीच ६० दिनको अस्थायी युद्धविराम र विशेष वार्ता अवधि सुरु हुनेछ, जसअन्तर्गत इरानको आणविक कार्यक्रम र युरेनियम नष्ट गर्ने ठोस प्रक्रियाबारे विस्तृत छलफल गरिनेछ।

सम्झौताको मस्यौदाअनुसार इरानले भविष्यमा कहिल्यै आणविक हतियार नबनाउने प्रतिबद्धता जनाउनुपर्नेछ भने मध्यपूर्वमा हिजबुल्लाह लगायतका आफ्ना प्रोक्सी समूहहरूलाई दिँदै आएको आर्थिक र सैन्य सहयोग बन्द गर्नुपर्नेछ। अमेरिकी अधिकारीहरूले यो सम्झौता आश्वासनमा नभई इरानको 'कामको नतिजा'मा आधारित हुने स्पष्ट पारेका छन्। इरानले आफ्ना प्रतिबद्धताहरू पूरा गरेको प्रमाणित भएपछि मात्रै अमेरिका र उसका सहयोगी राष्ट्रहरूले रोक्का राखेको अर्बौं डलर बराबरको सम्पत्ति फुकुवा गरिनेछ।

लामो समयको सैन्य टकराव, तत्कालीन सर्वोच्च नेताको हत्या र चौतर्फी आर्थिक दबाबपछि इरान यो सम्झौताका लागि तयार भएको विश्लेषकहरूको भनाइ छ। यद्यपि, इरानको सर्वोच्च राष्ट्रिय सुरक्षापरिषदभत्र सम्झौताका सर्तहरूलाई लिएर केही आन्तरिक मतभेदहरू अझै कायम छन्। इजरायल यो वार्ता प्रक्रियामा प्रत्यक्ष सामेल नभए पनि अमेरिकी राष्ट्रपति ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूबीच यस विषयमा पूर्ण सहमति भइसकेको बताइएको छ। विश्व बजारमा इन्धन र ऊर्जाको मूल्य स्थिर राख्न तथा मध्यपूर्वमा जारी युद्ध अन्त्य गर्न यो सम्झौता कोशेढुंगा साबित हुने अपेक्षा गरिएको छ।

## शान्तिवार्ताको तयारी भइरहँदा लेबनानमा हवाई आक्रमण

**बेरुत** (रोयटर्स): इजरायलले करिब २० वटा ठाउँका मानिसहरूलाई ती स्थान छाड्न आदेश दिएलगत्तै दक्षिणी लेबनानमा हवाई आक्रमण सुरु गरेको छ। लेबनानको राष्ट्रिय समाचार एजेन्सीका अनुसार टायर जिल्लाको मर्राकेह सहरमा भएको आक्रमणमा परी कम्तीमा एक जनाको ज्यान गएको छ। यसअघि इजरायली प्रधानमन्त्रीले हिजबुल्लाहले उत्तरी इजरायलमा आक्रमण जारी राखेमा आफ्नो देशले कडा जवाफ दिने चेतावनी दिएका थिए।



अमेरिका र इरानबीच मध्यस्थता गरिरहेको पाकिस्तानका प्रधानमन्त्री शहबाज शरिफले सामाजिक सञ्जाल 'एक्स'मा 'हामी शान्ति सम्झौताको इतिहासमै सबैभन्दा नजिक छौं' भनी लेखेकै बेला यी आक्रमणहरू भएका हुन्। उनले आगामी २४ घण्टाभित्रै यो सम्झौताले अन्तिमरूप पाउने सम्भावना रहेको समेत उल्लेख गरेका छन्। गत अप्रिल महिनामा भएको युद्धविरामपछि तेहरानका सडकहरूमा जनजीवन सामान्य बन्दै गएको छ।

» बाँकी पृष्ठ ६